स्थानीय सरकार
सान्नित्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पशुपन्छी विकास शाखा

**पशुपन्छी विकास सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि–२०८२**

**कार्यपालिकाबाट स्वीकृत मितिः-२०८२/०८/१४**

**प्रस्तावना**

नेपालको संविधान २०७२ मा ब्यवस्था भए अनुसार पशु स्वास्थ्य तथा पशु सेवा प्रसारको व्यवस्थापन सम्बन्धी कार्यहरू स्थानीय तहबाट सम्पादन गर्नुपर्ने भएको र संघीयता कार्यान्वियनको सन्दर्भमा बजेट कार्यक्रम, जनशक्ति तथा साधन श्रोतहरु स्थानीय तहमा हस्तान्तरण हुँदै गरेको सन्दर्भमा कृषक समुदायको जीविकोपार्जनमा अनादिकालदेखि महत्त्वपूर्ण स्थान ओगटेको पशुपन्छी पालन व्यवसायलाई विविधिकरण, ब्यवसायीकरण, आयमूलक तथा सम्मानित पेशाको रुपमा विकास गरी पशुपन्छीहरुको उत्पादन र उत्पादकत्त्व अभिवृद्धि गर्दै पशुपन्छीजन्य उत्पादनहरु(दुध,फुल,मासु) मा गाउँपालिकालाई आत्मनिर्भर बनाई रोजगारी स्थापना र राष्ट्रिय उत्पादनमा समेत योगदान दिन गाउँपालिकाबाट सञ्चालन हुने पशुपन्छी विकास सम्बन्धी कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम यो कार्यविधि जारी गरिएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम **"पशुपन्छी विकास सम्वन्धी कार्यक्रमहरु सञ्चालन कार्यविधि–२०८२"** रहेको छ ।

(ख) यो कार्यविधि सान्नीत्रिवेणी गाउँकार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यविधि" भन्नाले पशुपन्छी विकास सम्बन्धि कार्यक्रमहरु सञ्चालन कार्यविधि–२०८२ सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले सान्नीत्रिवेणी "गाउँकार्यपालिका" सम्झनु पर्दछ ।

ग)"कार्यालय" भन्नाले अनुदान प्रवाह गर्ने निकाय वा सान्नीत्रिवेणी गाउँपालिका सम्झनु पर्छ ।

घ)"कार्यक्रम" भन्नाले गाउँपालिकाका सबै वडाहरुका लागि सञ्चालन गरिने पशुपन्छी पालन व्यवसायमा प्रयोग हुने औषधी तथा उपकरणहरु वितरण कार्यक्रम" सम्झनु पर्छ ।

ङ)"पहिलो पक्ष" कार्यालय सम्झनु पर्छ ।

च)"दोस्रो पक्ष" कृषक, पशुपन्छी कृषक समूह, पशुपन्छी पालनसंग सम्बन्धित सहकारी, पशुपन्छी फर्म वा अनुदानग्राही सम्झनु पर्छ ।

छ)"किसान" भन्नाले कृषि तथा पशुपन्छीजन्य उत्पादन गरी जीविकोपार्जन तथा व्यवसाय गर्ने किसानलाई सम्झनु पर्छ ।

ज)"कृषक समूह" भन्नाले कृषि\ पशुपन्छी पालन पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहाना भएका न्यूनतम १५ वा बढीमा ३० सदस्य भएको र कृषि तथा पशुपन्छी विकास शाखामा दर्ता भएको कृषि तथा पशुपालन समूहलाई सम्झनु पर्दछ ।

झ) "अनुदान" भन्नाले चालु आर्थिक वर्ष २०८२/२०८३ को स्वीकृत कार्यक्रम बमोजिम गाउँपालिका पशुपन्छी व्यवसाय प्रवर्द्धनका लागि छनौट भएका अनुदानग्राहीलाई कार्यक्रम संचालनका लागी प्रदान गरिने रकम वा पशुपन्छी पालन व्यवसायमा प्रयोग हुने सामग्री सम्झनु पर्छ ।

ञ)"अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका पशुपन्छी पालक कृषक, पशुपन्छी पालक कृषक समूह, पशुपन्छी पालन कार्य गर्ने व्यावसायिक पशुपन्छी पालन फार्म र कम्पनी, पशुपन्छी सम्बन्धी सहकारी, पशुपन्छी संग सम्बन्धित समिति, तथा पशुपन्छी पालन व्यवसायी सम्झनु पर्छ।

ट)"प्रस्ताव" भन्नाले कार्यक्रममा उल्लेख भए बमोजिम कार्य गर्नका लागि अनुदानग्राहीले पेश गरेको आवश्यक कागजात सहितको विस्तृत कार्य योजना सहितको विवरणलाई सम्झनु पर्छ ।

ठ)"सेवाग्राही" भन्नाले पशुपन्छी पालन व्यवसाय प्रवर्द्धन लागि कार्यालयबाट अनुदान सहयोग लिने अनुदानग्राही तथा पोषण सुरक्षाका लागि सानो स्तरमा कार्यालयबाट पशुपन्छी उत्पादनका लागी आवश्यक औषधी तथा उपकरण लिने कृषकहरुलाई सम्झनु पर्छ ।

ड) "लक्षित वर्ग"भन्नाले आफ्नो वा आफ्नो परिवारको नाममा भएको जग्गा तथा अन्य सम्पत्तिबाट वर्षको तीन महिनासम्म खान पुग्ने अवस्था भएका समुदाय, कृषि मजदुर, पिछडिएको वर्ग, दलित, जनजाति, महिला, एकल महिला, अपाङ्ग, लोपोन्मुख जात जाति र द्वन्द पीडित भनी सम्बन्धित वडा कार्यालयले सिफारिस गरेको व्यक्ति सम्झनु पर्छ।

ढ)"वडा" भन्नाले सान्नीत्रिवेणी गाउँपालिकाका वडा नं १ देखी ९ सम्मका वडा कार्यालयहरु सम्झनु पर्छ

ण) "आर्थिक विकास समिति" भन्नाले सान्नीत्रिवेणी गाउँकार्यपालिकाले गठन गरेको आर्थिक विकास समिति सम्झनु पर्दछ ।

त) "शाखा" भन्नाले सान्नीत्रिवेणी गाउँकार्यपालिकाको पशुपन्छी विकास शाखा र "कार्यक्रम" भन्नाले सान्नीत्रिवेणी गाउपालिका गाउँसभाबाट स्वीकृत भएका पशुपन्छी विकास सम्बन्धी कार्यक्रमहरु सम्झनु पर्दछ ।

थ) "सेवा केन्द्र" भन्नाले पशुपन्छी विकास शाखा मातहतमा सान्नीत्रिवेणी गाउँपालिका आन्तर्गत संचालित पशुपन्छी विकास सम्बन्धि सेवा प्रदान गर्ने ईकाइहरु सम्झनु पर्दछ ।

द) "लाभग्राही" भन्नले पशुपन्छी विकास शाखाबाट कार्यक्रममा ब्यवस्था भए अनुसार अनुदान, पशु उत्पादनमा प्रयोग हुने बस्तु, सामाग्री तथा उपकरणहरु र सेवा प्राप्त गर्ने कृषक/कृषक समुह/समिति/सहकारी/उद्यमी/निजी ब्यवसाय तथा संस्था समेतलाई जनाउँछ ।

**३. उदेश्यः** यस कार्यविधिको उदेश्य देहाय बमोजिम रहेका छन् ।

(क) सान्नीत्रिवेणी गाउँपालिकाको भौगोलिक क्षेत्र तथा हावापानी सुहाउँदो पशुपन्छी विकास सम्बन्धी दिर्घकालिन योजनाहरु तर्जुमा गर्ने गराउने ।

(ख) पशुपन्छी विकास कार्यक्रमको प्रभावकारी कार्यन्वयनका लागि आवश्यक कार्यविधिहरुको तर्जुमा गर्ने गराउने ।

(ग) सान्नीत्रिवेणी गाउँपालिकामा पशुपन्छी पालन ब्यवसायको ब्यवसायीकरण, आधुनिकीकरण,औधोगिकीकरण र विविधिकरणमा सहयोग पुयाउने ।

(घ) सान्नीत्रिवेणी गाउँपालिकालाई दुध, मासु र फुलमा आत्मनिर्भर भई तथा अतिरिक्त उत्पादन निकासी प्रवर्धन गर्न सहयोग पुर्याउने ।

(ङ) पशुपन्छी पालन पेशाको सम्मान, सुरक्षा तथा प्रवर्द्धनमा सहयोग पुगाउने ।

**३) अनुदान उपलब्ध गराउन सक्ने** (१) सान्नीत्रिवेणी गाउँपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम पशुपन्छी क्षेत्र विकासको लागि अनुदान उपलब्ध गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम अनुदान उपलब्ध गराउँदा समुह सहकारी छनौट भएपनी उक्त समूह वा सहकारीबाट लाभाम्वित हुने कृषक चाँही विगतमा अनुदान प्राप्त नगरेको कृषकलाई प्राथमिकता दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुदान देहाय बमोजिमको विषयगत क्षेत्रमा उपलब्ध हुनेछ ।

(क) जीविकोपार्जन तथा सिमान्तकृत कृषक लक्षित कार्यक्रम,

(ख) पशुपन्छी उत्पादन र उत्पादकत्व वृद्धि लक्षित कार्यक्रम,

(ग) पशुपन्छी व्यवसाय तथा पशुपन्छी जन्य उद्योग प्रवर्द्धन लक्षित कार्यक्रम,

(घ) पशुपन्छी पूर्वाधार विकास लक्षित कार्यक्रम,

(ङ) पशुपन्छी सम्बन्धी अन्य विविध कार्यक्रम।

(४) उपदफा (३) बमोजिमको विषयगत क्षेत्र अन्तर्गत सञ्चालन गरिने कार्यक्रम अनुसूची (१) बमोजिम हुनेछ। त्यस्ता कार्यक्रम र खर्चको मापदण्ड अनुसूची (२) बमोजिम हुनेछ।

**४ सूचना प्रकाशन गर्नु पर्ने** (१) कार्यालयले दफा ३ को उपदफा (३) बमोजिमको विषयगत क्षेत्रमा अनुदान रकम उपलब्ध गराउने प्रयोजनका लागि स्विकृत कार्यक्रम तोकिएका वडाका लागी कम्तिमा १५ दिनभित्र प्रस्ताव पेश गर्न अनुसूची(३) बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदान लिन चाहने सम्बन्धित वडाका अनुदानग्राहीले अनुसूची (४) बमोजिमको निवेदन र अनुसूची (६)बमोजिमको व्यवसायिक कार्ययोजना पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन दिँदा निवेदनको साथमा देहाय बमोजिमको कागजात पेश गर्नु पर्नेछः

क) संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

ख) पशुपन्छी पालन व्यवसाय गर्ने अनुसूची (६) बमोजिमको प्रस्ताव,

ग) व्यावसायिक पशुपन्छी फार्मको हकमा गत आर्थिक वर्षको संस्थाको लेखापरीक्षण भएको प्रतिवेदन प्रतिलिपि,

घ) व्यावसायिक पशुपन्छी फार्मको हकमा गत आर्थिक वर्षसम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण,

ङ) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

च) दफा (१८) को उपदफा (१) र (२) बमोजिम गत आ व मा कुनै पनी अनुदान नलिएको स्वघोषणा पत्र, वा पहिला भन्दा फरक प्रकृतिको कार्य गर्ने भन्ने प्रतिबद्धता पत्र ।

छ)आयोजना सम्बन्धी अन्य आवश्यक कागजात, र

ज)वडा तहको सिफारिसपत्र।

झ) समुह तथा सहकारी मार्फत प्रस्ताव पेश गरेको हकमा उक्त समुह वा सहकारीबाट लाभाम्वित हुने कृषक पहिलेनै एकिन गरि नाम सुची सहितको सिफारिस गरिएको पत्र ।

**स्पष्टिकरण** : माथी जुनसुकै कुरा लेखिएको भएतापनि पशुपन्छी विकास शाखा बाट सञ्चालन हुने साना प्रकारका कार्यक्रम जस्तै औषधी तथा उपकरण वितरणका कार्यक्रमहरू तोकिएको अनुदान प्रतिशतमा रहेर सुचना प्रकाशन पछी प्रस्ताव माग नगरिकनै सोझै वितरण गर्न पनि सकिनेछ ।

५) **प्रस्ताव तथा निवेदनको मूल्याङ्कन** (१) दफा ४ बमोजिम पेश भएका प्रस्ताव अथवा माग निवेदनको प्राविधिक पक्ष पशुपन्छी विकास शाखा सम्बन्धित वडाका वडा अध्यक्ष तथा निजले तोकेको वडा सदस्य र आर्थिक विकास समिती सहित स्थलगत अनुगमन गरी अनुसुची (७) बमोजिमका मुल्याङ्कन आधारमा मूल्याङ्कन गरि कृषक छनौट प्रक्रियाका लागी सान्नीत्रिवेणी गाउँपालीकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समिति समक्ष सिफारिस गर्ने कार्य गर्नुपर्नेछ वा प्रस्ताव मुल्याङ्कनको पहिलो चरणको काम आर्थिक विकास समितिले गर्नेछ ।

प्रस्तावको मूल्याङ्कन गर्न पशुपन्छी विकास शाखा तथा आर्थिक विकास समितिले अनुगमन गर्दा तथा आर्थिक विकास समितिको बैठक बस्दा आवश्यकता अनुसार बढीमा दुईजना विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।प्रस्ताव तथा माग निवेदनको मूल्याङ्कन गर्दा आर्थिक विकास समितिको बैठकबाट हुनेछ । आर्थिक विकास समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

६) **लाभग्राही छनौट प्रक्रिया** आर्थिक विकास समितिको छनौट सिफारिस पश्च्यात प्रस्ताव तथा लाभग्राहिको अन्तिम छनौट गर्ने छ । छनौट भएका लाभग्राहीहरु संग सम्झौता गर्नु पर्ने कार्यक्रमको हकमा सम्झौताका लागी कम्तिमा ७ (सात) दिनको सुचना प्रकाशन गर्नेछ र यदि तोकिएको अवधि सम्म सम्झौता गर्न नआएमा वैकल्पिक लाभग्राहीलाई प्राथमिकतामा राखि सम्झौता गर्न सकिनेछ ।

७) **निर्देशक समिति** अनुदान प्रवाहको प्रक्रिया सहजिकरण गर्न सान्नीत्रिवेणी गाउँपालिकाको पशुपन्छी विकास शाखा अन्तर्गत पशुपन्छी विकास शाखा प्रमुखले निर्दिष्ट गरेको आवश्यकतानुसार बढीमा तीन जना सम्म विषय विज्ञ,कृषि विकास

शाखा प्रमुख वा सरोकारवाला निकाय र सम्बन्धित शाखाका फिल्ड प्राविधिकहरु लाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ। निर्देशक समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।निर्देशक समितिको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

८) **निर्देशक समितिको काम, कर्तव्य र अधिकार** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क)कार्यक्रम सञ्चालन गर्न अनुसूची (१) मा उल्लेख भएका कार्यक्रमको प्राविधिक मापदण्ड, कार्यक्रम छनौट तथा मूल्याङ्कनका आधार तयार गरी स्वीकृतिको लागि कार्यपालिका समक्ष पेश गर्ने,

(ख)अनुदान रकम निर्धारण र भुक्तानीको प्रक्रियामा थप कार्यविधिगत ढाँचा आवश्यक भएमा ढाँचा तयार स्विकृतिको लागि कार्यपालिकामा समक्ष पेश गर्ने,

(ग)अनुदान उपलब्ध गराउने सम्बन्धमा आइपरेका समस्याको समाधान तथा विवाद निरूपण गर्ने,

(घ) पशुपन्छी अनुदान प्रक्रियामा संलग्न हुन चाहने अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुसँग सहकार्यको क्षेत्र र शर्त निर्धारण गर्ने,

(ङ)कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यकता अनुसार निर्देशन, समन्वय र सहजीकरण गर्ने।

**९) अनुदान रकमको सीमा र क्षेत्र** (१) कार्यालयले अनुदानग्राहीलाई अनुदान दिँदा यस कार्यविधिमा तोकिएको परिधि भित्र रहि दिनु पर्नेछ।

(२) यस कार्यविधिको अनुसूची (१) बमोजिमका कार्यक्रमहरु संचालन गर्दा विनियोजित बजेटको सिमा भित्र रहि कार्यक्रम र खर्चको मापदण्ड अनुसूची (२) बमोजिमको अनुदान प्रतिशत उपलब्ध गराउनु पर्नेछ।

(३) पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धनको लागि अनुदान उपलब्ध गराउन सन्दर्भ मूल्यलाई आधार लिइनेछ र ढुवानीको हकमा स्थान विशेषको जिल्ला दररेट वा कार्यपालिकाले निर्धारण गरेको दर रेट बमोजिम हुनेछ।

(४) सरकारी फार्म केन्द्रबाट उत्पादित कृषिजन्य वस्तुको खरिद बिक्री गर्दा सन्दर्भ मूल्य,जिल्ला दर रेट, कार्यपालिकाले निर्धारण गरेको दर रेट वा संघिय सरकारले निर्धारण गरेको दररेट कुनै एक बमोजिम गर्न सकिनेछ।

(५) कार्यक्रमको लागत अनुमान तयार गर्दा जिल्ला दररेट, कार्यपालिकाले निर्धारण गरेको दर रेट वा स्थानीय दररेटलाई आधार लिनु पर्नेछ।

(६) समूह, सहकारी तथा व्यावसायिक पशुपन्छी फार्मसँग कार्यक्रम सञ्चालन गर्दा प्रचलित खरिद कानून बमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

**१० सम्झौता गर्नु पर्ने** (१) कार्यालयले अनुदानग्राही को छनौट र अनुदान रकमको निर्धारण भएपछि अनुदानग्राहीसँग अनुसूची (८) बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ।

(२) चालु आर्थिक वर्षको जेठ मसान्तपछि कार्यक्रम सन्चालन तथा अनुदान लिने दिने सम्वन्धमा सम्झौता गरिने छैन।

**११ अनुदानको भुक्तानी** (१) अनुदानग्राहीले सम्झौता अनुसारको कार्यक्रम सम्पन्न गरी सम्झौता पत्रमा उल्लेख भए बमोजिमको समया अवधि भित्र निजी उद्दमि, पशुपन्छी पालन समूह वा कृषि सहकारीको कार्यसम्पन्न प्रतिवेदन, वडा कार्यालयको कार्यसम्पन्न तथा भुक्तानी सिफारीस पत्र, संरचना निर्माणको हकमा सम्बन्धित वडाको पुर्वाधार तर्फको प्राबिधीकको कार्यसम्पन्न प्रतिवेदन,प्राबिधिकको भुक्तानी बिल र मेशिनरी औजार खरिदको हकमा कृषि ईन्जिनियर अथवा मेकानिकल ईन्जिनियरको प्रमाणीत प्रतिवेदन, लगायतका कागजात सहित भुक्तानीको लागि कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पेश भएमा कार्यालयले तोकेको कर्मचारीबाट स्थलगत निरीक्षण गराई प्राप्त कार्य प्रगति सहितको प्राविधिक प्रतिवेदन वा कृषि विकास शाखाका प्राबिधिकको भुक्तानी सिफारिसका आधारमा लगानी अनुपातको हिसाबले अनुदानको प्रत्येक किस्ता वा एकमुष्ट रकम भुक्तानी गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुदान रकम भुक्तानी गर्दा प्रचलित कानून बमोजिम कन्टीन्जेन्सी रकम र कर कट्टी गरी भुक्तानी गर्नुपर्नेछ।

(४) यस कार्यविधि बमोजिम अनुदानग्राहीलाई भुक्तानी हुने रकम निजको बैंक खातामा वा सम्झौता गरिएको समुह, सहकारी तथा निजी उद्दमीको खातामा जम्मा हुने गरी उपलब्ध गराउनु पर्नेछ।

(५) कार्यालयले पन्ध्र दिने सार्वजनिक सूचनाको माध्यमबाट कृषि यान्त्रिकीकरण कार्यक्रमको हकमा अनुदानमा माग भएको उपकरणको प्रकार, गुणस्तर र प्रति ईकाइ मूल्य/ दर रेट माग गरिनेछ र कम्तीमा तीन आपूर्तिकर्ताको प्रतिस्पर्धात्मक सूची सार्वजनिक गरी प्राप्त गुणस्तर र मूल्यका आधारमा सबैभन्दा कम कबोल दररेटका आधारमा अनुदान रकमका लागी कार्यपालिका बाट दर रेट निर्धारण गरिनेछ। वा कार्यालयले जिल्ला दर रेट अथवा नजिकको जिल्लाको दर रेट लाई आधार मानेर पनी अनुदानमा उपलब्ध गराउने सामग्रीको रकम निर्धारण गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम सूची सार्वजनिक गरिएका आपूर्तिकर्ता मध्ये सबैभन्दा कम कबोल दररेटका आधारमा अनुदान रकम निर्धारण गरिएको आपूर्तिकर्ताबाट वा सोहि दर रेटमा अन्य आपुर्ति कर्ता बाट पनी अनुदानग्राहीले छनौट प्रस्ताव बमोजिमको सामग्री वा उपकरण खरिद गर्न सक्नेछ। यसरी पुरा मूल्य भुक्तानी गरी खरिद गरेको कृषि उपकरणको अनुगमन गरी कार्यालयले कृषकको बैक खातामा अनुदान रकम उपलब्ध गराउनेछ।

(७)उपदफा (६) बाहेकका जिन्सी सामान, पशुपन्छी सम्बन्धी औषधी तथा उपकरणको खरिदको हकमा खरिद सम्बन्धी प्रचिलत कानून(खरिद ऐन २०६३ तथा नियमावली २०६४) बमोजिम कार्यालयले खरिद गरेर पनि वितरण गर्न सक्नेछ ।साथै संरचना निर्माण(गोठ\खोर)को हकमा प्राबिधिकको लागत स्टमेटको आधारमा लाभग्राही संग सम्झौता गरि सम्झौता बमोजिमको कार्यक्रम संचालन गर्न सकिनेछ ।

**१२ बीमा गर्न सक्ने** दफा ३ को उपदफा (३) को खण्ड (क) र (ख) क्षेत्र अन्तर्गत व्यावसायिक रूपमा पालन गरिएका पशुधन, मत्स्य पालन फर्म, भौतिक पूर्वाधारको र खण्ड (ग) र (घ) अन्तर्गत अनुदान प्राप्त गर्ने अनुदानग्राहीले बीमा गर्न सक्नेछ।

**१३सार्वजनिक परीक्षणः** समुह तथा सहकारीका अनुदानग्राहीले पक्कि संरचना निर्माणको हकमा कार्यक्रम सम्पन्न भएपछि अनुदान रकम भुक्तानीका लागि कार्यालयमा निवेदन पेश गर्नु अघि कार्यस्थलमा समुदायको सार्वजनिक भेला गराई कार्यक्रमको प्रक्रिया, प्राप्त नतिजा र खर्च विवरण सम्बन्धमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ।

**१४ अनुदान अन्यत्र प्रयोग गर्न नपाइने** (१) यस कार्यविधि बमोजिम वितरण भएको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र खर्च गर्न वा हिनामिना गर्न पाइने छैन।

(२) उपदफा (१) बमोजिम अन्यत्र प्रयोग वा दुरूपयोग भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(३) विपद् वा अन्य कुनै काबुबाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा त्यस्तो क्षतिको प्रमाणित मुचुल्का, स्थानीय तहको सिफारिस, प्रहरी प्रतिवेदन लगायतका कागजात अनुदानग्राहीले एक महिनाभित्र अनुदान प्रदायक निकायमा पेश गरेमा निर्देशक समितिको निर्णय बमोजिम हुनेछ।

(४) झुट्टा विवरण पेश गरी अनुदान लिने वा सम्झौता बमोजिम काम नगर्ने वा अनुदानमा दिइएको सामग्री वा रकमको हिनामिना वा दुरूपयोग गर्ने अनुदानग्राहीलाई नगरपालिका वा वडा तहबाट भविष्यमा कुनै पनि अनुदान उपलब्ध गराइने छैन। त्यस्तो अनुदानग्राहीको नामनामेसी सार्वजनिक गरिनेछ।

(५) अनुदान पाउने निजि उद्दमी समुह तथा सहकारीले संरचना निर्माण तथा ठुला मेशिनरी औजार अनुदानमा लिएको कम्तिमा ५ वर्ष सम्म फर्म समुह वा सहकारी खारेज गर्न पाईने छैन ।

**१५ अनुगमन तथा मूल्याङ्कन** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने प्रत्येक कार्यक्रममा कार्यालय प्रमुखले पशुपन्छी शाखा प्रमुख लाई सम्पर्क व्यक्तिको जिम्मेवारी तोक्नु पर्नेछ। कार्यक्रमको समग्र अनुगमन र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु निजको दायित्व हुनेछ।

मोहन बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

(२) गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको योजना अनुगमन समिति,आर्थिक विकास समिति, वडा समिति तथा आवश्यकता बमोजिम कार्यक्रम निर्देशक समितिले छुट्टाछुट्टै वा संयुक्त अनुगमन गर्न सक्नेछन

(३)कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा भुक्तानीको अनुगमन तथा मूल्याङ्कन आवश्यकतानुसार पशुपन्छी विकास शाखा संगै आर्थिक प्रशासन शाखा, आर्थिक विकास समिती वा कार्यालयको योजना अनुगमन समिति बाट हुन सक्नेछ ।

**१६ गुनासो व्यवस्थापन** (१) अनुदानग्राहीले अनुदान प्राप्तिका क्रममा कुनै गुनासो भएमा अनुदान उपलब्ध गराउने कृषि विकास शाखा समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीबाट कुनै गुनासो प्राप्त भएमा कृषि विकास शाखा प्रमुखले त्यस्तो गुनासो प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निरूपण गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम भएको गुनासोको निरूपण उपर चित्त नबुझेमा अनुदानग्राहीले कार्यालयको प्रमुख प्रशासकिय अधिकृत समक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(४) उपदफा (३ बमोजिम परेको निवेदन उपर प्रमुख प्रशासकिय अधिकृतले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो गुनासोको अन्तिम किनारा लगाउनेछ।

**१७ दोहोरो सुविधा लिन नपाउने** (१) अनुदानग्राहीले एउटै कामको लागि संघ, प्रदेश वा अन्य कुनै एकभन्दा बढी निकायबाट र एक आर्थिक वर्षमा एकभन्दा बढी कार्यक्रमको लागि सान्नीत्रिवेणी कार्यालयबाट ठुला (संरचना निर्माण तथा ठुला मेशिनरी औजार) अनुदान प्राप्त गर्न सक्ने छैन।

**१९ सम्झौता बमोजिम हुने** (१) यस कार्यविधि बमोजिम सञ्चालनं हुने क्रियाकलाप, निर्माण गरिएका पूर्वाधार तथा सुविधाको प्रयोग सम्झौतामा उल्लिखित शर्त बमोजिमको प्रयोजनका लागि मात्र गरिनेछ र कार्यक्रम सञ्चालन गर्ने निकायको पूर्व स्वीकृतिबिना सम्झौतामा उल्लेखित अवधिभित्र कुनै प्रकारको फेरबदल वा संरचनाको स्वरूप परिवर्तन वा बिक्री वितरण कार्य गर्न पाइने छैन।

(२) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रम सम्झौतामा तोकेको अवधिसम्म निरन्तर रूपमा सञ्चालन गर्नुपर्नेछ।

(३) कुनै विशेष कारणवस वा काबूबाहिरको परिस्थिति बाहेक अनुदानग्राहीको कारणबाट सम्झौतामा तोकेको समयभित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयम् जिम्मेवार हुनेछ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै दातृ निकायको सहयोगमा सञ्चालन हुने कार्यक्रम वा आयोजनाको हकमा अनुदान रकम तथा कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था नेपाल सरकार, प्रदेश सरकार र दातृ निकाय बिच भएको सम्झौता बमोजिम हुनेछ।

**२० बाधा अड्काउ फुकाउन सक्ने** यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा सारभूत विषय बाहेकको सामान्य प्राविधिक विषयमा बाधा अड्काउ उत्पन्न भएमा निर्देशक समितिको सिफारिसमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

मोहन बहादुर कार्की
गाउँपालिका अध्यक्ष

## अनुसूची -१

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

**अनुदान प्रदान गरिने कार्यक्रमहरु**

| | |
|---|---|
| १ | पशुपन्छी औषधी खरिद तथा वितरण कार्यक्रम |
| २ | पशु स्वास्थ्य शिविर सञ्चालन तथा व्यवस्थापन कार्यक्रम |
| ३ | पशुपन्छी व्यवसाय सम्बन्धी तालिम सञ्चालन कार्यक्रम |
| ४ | भैसि/बाख्रा/भेडा पालन प्रवर्द्धन कार्यक्रम |
| ५ | अनुगमन तथा मुल्याङ्कन |
| ६ | समुह दर्ता र नविकरण सम्बन्धी कार्यक्रम |

मोहन बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

## अनुसूची-२

(दफा ३ को उपदफा (४) र दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**कार्यक्रम र खर्चको मापदण्ड**

| | |
|---|---|
| १ | **कार्यक्रमको नाम** :- पशुपन्छी औषधी खरिद तथा वितरण कार्यक्रम |
| | **क) कार्यक्रम संचालन स्थान** :- गाउँपालिका अन्तर्गत रहेको पशुपन्छी विकास शाखा र पशु सेवा केन्द्र |
| | **ख ) उद्देश्यः**<br>पशुपन्छीका लागि गुणस्तरीय र प्रभावकारी औषधी समयमै उपलब्ध गराउनु, औषधी खरिद तथा वितरण प्रक्रियालाई पारदर्शी, उत्तरदायी र प्रणालीगत बनाउनु, रोग नियन्त्रण, उपचार, खोप तथा परजीवी नियन्त्रण कार्यलाई प्रभावकारी बनाउनु, विपन्न, सिमान्त तथा सीमान्त कृषकलाई सहुलियत दरमा औषधि उपलब्ध गराउनु। |
| | **ग) प्रमुख क्रियाकलापः**<br>१.खरिद प्रक्रियाः<br>* औषधी खरिद कार्य सार्वजनिक खरिद ऐन/नियमावली अनुसार गरिनेछ,<br>* खरिद गरिने औषधीको म्याद कम्तीमा १ वर्ष बाँकी हुनुपर्नेछ,<br>*शाखाको आवश्यक्ता अनुसार साना मेसिनरी उपकरण जस्तै, बर्डिजो मेसिन,थर्मोमिटर, सिङ र खुर काट्ने मेसिन पनि यसै बजेट कार्यक्रमबाट खरिद गर्न सकिनेछ,<br>* आपूर्ति गरिएका औषधिको निरीक्षणपछि मात्र बिल भुक्तानी गरिनेछ,<br>२. औषधि भण्डारण तथा स्टक व्यवस्थापनः<br>*औषधि शाखा/पशु सेवा केन्द्रमा सुरक्षित, सुक्खा र चिस्यानरहित स्थानमा राखिनेछ,<br>*म्याद गुज्रिन लागेका औषधि प्राथमिकतामा वितरण गरिनेछ,<br>३. औषधि वितरण प्रक्रियाः<br>* किसानको माग, रोगको प्रकृति तथा उपलब्धता अनुसार वितरण गरिनेछ,<br>* वितरण कार्य पशुपन्छी विकास शाखा र पशु सेवा केन्द्रबाट गरिनेछ,<br>*म्याद गुज्रिन लागेका औषधि प्राथमिकतामा वितरण गरिनेछ,<br>*वितरण गरिएका औषधीहरुको अभिलेख शाखाको केश रजिष्टरमा राखिनेछ, |
| | **ङ) अनुदान रकम प्रतिशत र अधिक्तम सीमाः**<br>२. कृषकलाई औषधी सत (१००%) प्रतिशत अनुदानमा उपलब्ध गराईनेछ । |
| | **च) न्यनतम मापदण्डः**<br>१. कार्यक्रममा सम्पुर्ण पशुपन्छी पालक कृषकहरुलाई समेटिनेछ,<br>२. कम्तीमा एक आर्थिक वर्ष कार्यक्रम सञ्चालन गरिनेछ, |
| २ | **कार्यक्रमको नामः** पशु स्वास्थ्य शिविर सञ्चालन तथा व्यवस्थापन कार्यक्रम |
| | **क) कार्यक्रम संचालन हुने स्थान** :- सेवा प्रवाहको आधारमा पशुपन्छी विकास शाखाले तोकेको सम्भाव्य स्थान, |
| | **ख) उद्देश्यः**<br>*दुर्गम र सेवा अभाव भएका बस्तीमा निःशुल्क/सहुलियत दरमा पशु स्वास्थ्य सेवा उपलब्ध गराउनु,<br>*पशु रोगहरूको रोकथाम, नियन्त्रण, उपचार तथा सरसफाइबारे जनचेतना अभिवृद्धि गर्नु,<br>*खोप, परजीवी नियन्त्रण, पोषण परामर्श तथा गोठ व्यवस्थापन सेवालाई प्रभावकारी बनाउनु,<br>* पशुपालक कृषकहरुलाई नियमित तथा प्रणालीगत प्राविधिक सहयोग प्रदान गर्नु, |

| | |
|---|---|
| | **(ग) प्रमुख क्रियाकलाप**<br>१. शिविरको लागि आवश्यक पर्ने औषधी तथा उपकरणहरु स्वीकृत वजेट अनुसार खरिद गरिनेछ,,<br>२. शिविर सञ्चालन सम्बन्धी ७ दिने सूचना प्रकाशन गरिनेरछ,<br>३. शिविरमा वितरण गरिएका औषधीहरुको अभिलेख विवरण भरपाईमा उल्लेख गरिनेछ,<br>४. शिविरको अनुगमन तथा मुल्याङ्कन शाखा, वडा प्रतिनिधि र प्राविधिकले संयुक्त रुपमा गर्रिनेछ,<br>५. शिविर कार्यक्रम वर्ष भरिमा एक (१) पटक मात्र सञ्चालन गरिनेछ,<br>६. शिविर सञ्चालनका लागि खरिद गरिने औषधी सार्वजनिक खरिद ऐन/नियमावली अनुसार गरिनेछ,<br>७. शिविर सञ्चालन कार्यक्रममा औषधी वितरण तथा अन्य प्रामर्श सेवाहरु निःशुल्क गरिनेछ,<br>८. शिविरमा प्रवाह हुने सेवाहारुः<br>• पशु स्वास्थ्य परीक्षण तथा परामर्श<br>• सामान्य/विशेष उपचार<br>• पशु बन्ध्याकरण<br>• परजीवी नियन्त्रण (बाह्य/आन्तरिक)<br>• प्रजनन सेवा (AI, गर्भ जाँच, प्रजनन समस्या समाधान)<br>• पोषण परामर्श तथा गोठ सरसफाइ/जैविक सुरक्षा प्रशिक्षण<br>• आवश्यक भिटामिन, औषधि तथा टोनिक वितरण, |
| | **घ ) संचालन प्रक्रिया :-** पशु स्वास्थ्य शिविर सञ्चालन तथा व्यवस्थापन कार्यक्रम हुन सक्ने स्थान,टोल तथा अन्य सम्भावित वडाका जनप्रतिनिधि, अगुवा कृषकलाई सूचना दिई पशु स्वास्थ्य शिविर सञ्चालन तथा व्यवस्थापन कार्यक्रमका लागी कृषकलाई जानकारी गराइनेछ । कार्यक्रम संचालनका लागि खरिद गरिएका औषधी तथा उपकरणहरुको खरिद रकम बिल, भरपाई तथा कार्य सम्पन्न प्रतिवेदनको आधारमा गाउँपालिकाले औषधी तथा उपकरण खरिद गरिएको आपुर्ति कर्तालाई भुक्तानी गर्न सकिनेछ । |
| | **ङ.) आर्थिक पक्षः** शिविर संचालनको लागि ब्यानर छपाईको लागि रु १०००।- र शिविर संचालन हुने दिन उपस्थित प्राबिधिक र सम्बन्धित वडा प्रतिनीधिको चियापान तथा खाजा खर्चको लागि रु १५००।- सम्म खर्च गर्न सकिनेछ। |
| ४. | **कार्यक्रमको नामः** अनुगमन तथा मुल्याङ्कन |
| | कार्यक्षेत्र :- सान्नी त्रिवेणी गाउँपालिका लगायत अन्तर पालिका तथा जिल्ला |
| | **उद्देश्यः**<br>१.पशुपन्छी विकास शाखा बाट सञ्चालन हुने कार्यक्रमहरुको सामाग्री खरिद गर्न र कार्यक्रमहरुको अनुगमन मुल्याङ्कन गर्न तथा कार्यक्रमलाई पारदर्शि रुपमा सञ्चालन गर्न। |
| | **प्रमुख क्रियाकलापः**<br>१. .पशुपन्छी विकास शाखाबाट सञ्चालन भएका कार्यक्रमहरुको अनुगमन लागी दैनिक भ्रमण खर्च गाडि भाडा ।<br>२. सूचना प्रकाशन पछि मुल्याङ्कनका लागी फिल्ड अनुगमन गर्नुपर्ने कार्यक्रमहरु अनुगमनका लागी दैनिक भ्रमण खर्च गाडि भाडा ।<br>३. विभिन्न कार्यक्रम सञ्चालनका क्रममा जिल्ला भित्र वा जिल्ला वाहिर सामाग्री लिनका लागी दैनिक भ्रमण खर्च |

| | |
|---|---|
| | **अनुदान रकम र अधिकतम सीमाः** कर्मचारीले विभिन्न कार्यक्रम सञ्चालनका क्रममा जिल्ला भित्र वा जिल्ला वाहिर सामाग्री लिन जाँदा फिल्ड अनुगमन गर्न जाँदा फिल्ड प्रतिवेदन तथा फोटोको आधारमा उक्त समयअवधिको दैनिक भ्रमण भत्ता नियमानुसार |
| | **न्यूनतम मापदण्डः**<br>१.अनुगमन मुल्याङ्कनका लागी .पशुपन्छी विकास शाखाको वार्षिक स्वीकृत कार्यक्रम हुनुपर्नेछ ।<br>२.विभिन्न सरकारी तथा गैर सरकारी कार्य बाट सञ्चालन भएका कार्यक्रमहरुको अनुगमन गर्न सकिनेछ ।<br>३.कुनै कार्यक्रम सञ्चालनका क्रममा तथा अनुगमनमा जाँदा प्रमुख प्रशासकिय अधिकृत संग दैनिक भ्रमण आदेश स्वीकृत गराउनुपर्नेछ । |
| ३ | **कार्यक्रमको नामः** पशुपन्छी व्यवसाय सम्बन्धी तालिम सञ्चालन कार्यक्रम<br>**परिचयः** गाउँपालिकामा पशुपन्छीमा आधारित कृषिपेशा विस्तार हुँदै गएको र किसानहरूलाई वैज्ञानिक पशुपालन, गोठ व्यवस्थापन, रोग नियन्त्रण, व्यवसायीकरण तथा बजार व्यवस्थापनबारे दक्ष बनाउनु आवश्यक भएकाले यो तालिम कार्यक्रम सञ्चालन गर्न उपयुक्त देखिन्छ। यो तालिम कार्यक्रम गाउँपालिका स्तरमा १ देखि ५ दिन सम्म सञ्चालन गर्न सकिनेछ । यस तालिममा १५ देखि ३५ जना सम्म कृषक सहभागी हुनेछन् ।<br>**उद्देश्यः**<br>*पशुपन्छी पालक कृषकलाई व्यावहारिक र वैज्ञानिक ज्ञान प्रदान गर्नु,<br>*रोग–नियन्त्रण, खोप, परजीवी व्यवस्थापन, पोषण तथा गोठ सरसफाइमा दक्षता विकास गर्नु,<br>*व्यावसायिक पशुपालन, लागत व्यवस्थापन तथा बजार कौशल अभिवृद्धि गर्नु,<br>*स्थानीय स्तरमा दक्ष कृषक समूह तयार गरी दिगो पशुपालन प्रवर्द्धन गर्नु।<br>**कार्यविधि**<br>तालिममा सहभागी छनोट गर्दा समुहमा योगदान पुर्याएको, आफुले सिकेकाकुरा व्यवहारमा लागुगरी अरुलाई सिकाउन अग्रसर रहने कृषक हुनु पर्दछ । तालिममा महीला कृषकलाई प्राथमिकता दिनु पर्नेछ । सहभागी छनौट गर्दा सेवा क्षेत्रका प्राविधिकको सिफारिसमा छनौट गर्नु पर्नेछ।<br>तालिम व्यवस्थापनमा संलग्न हुने प्राविधिकहरुसंग मिलि तालिम कार्यक्रम तयार गरी तालिम संयोजक ले निम्न अनुसारको कार्य गर्नु पर्नेछ ।<br>१.सहभागी हुने कृषकलाई तालिमको जानकारी गराई सहभागी हुन बोलाउने ।<br>२.शैक्षिक सामाग्रीहरु(श्रव्य-दृश्य)को व्यवस्था मिलाउने ।<br>३.तालिम कार्यक्रमहरुमा फिल्ड भ्रमण ,फिल्ड तालिम ,फिल्ड अध्ययनको व्यवस्था भएमा सम्बन्धित संस्थाहरु संग पुर्व सम्पर्क राखी कार्यक्रम निश्चित गर्ने ।<br>**आर्थिक पक्ष**<br>१.समय अवधि दिन १ देखि ५<br>२.प्रशिक्षक पारीश्रमिक(कार्यपत्र /प्रर्बचन) अधिकृत स्तर प्रति कक्षा रु १५००, सहायक स्तर प्रति कक्षा रु १२००।<br>३.चियापान तथा खाजा रु.प्रति व्याक्ति २५०।-<br>४.शैक्षिक सामाग्री रु.प्रति व्यक्ति २५०।-<br>५.सहभागी भत्ता प्रति व्यक्ति प्रति दिन रु ५०० देखि ७०० सम्म। |

६.सहभागी यातायात खर्च रु.प्रति व्यक्ति प्रति दिन दुरी अनुसार
७.तलिम सुविधा( हलभाडा तिर्नु पर्ने भएमा) प्रचलित बजार दर रेट अनुसार
८.मसलन्द व्यवस्थापन तथा विविध(प्रमाण पत्र, पानि,सरसफाई, तुल ईत्याधिको लागी) रु १००००।
९.प्रतिवेदन तयार तथा प्रस्तुत खर्च रु १५००।
१०.व्यानर छपाई रु १०००।
११.खाना खर्च रु ३५० प्रति व्यक्ति प्रति दिन

**४. समुह दर्ता र नविकरण सम्बन्धी**

**१३.१ कृषक समुह**

मिल्दा जुल्दा समस्या, आवश्यकता र चाहाना भएका न्युनतम १५ वा सो भन्दा बढी व्यक्तीहरु मिलि आफ्ना निश्चत साझा उद्देश्यहरू सामुहिक प्रयत्न द्धारा प्राप्त गर्न बनाईएको संगठनलाई समुह भनिन्छ ।

**कृषक समुह गठन/पुनर्गठन**

समुदायका कृषकहरुलाई नयाँ समुहमा संगठित हुनको निमित्त कृषि प्रसार कार्यकर्ताले लक्षित गाउँको विभिन्न ठाउँमा कृषक भेला गरी समुहको उपयोगिताबारे जानकारी गराउनु पर्छ ।

नयाँ समुह गठन गर्नु पर्दा स्थानीय जनसमुदायहरुको भेला गरी समुहमा आवद्ध हुन आग्रह गर्ने र स्वस्फुर्त रुपमा गठन भई गाउँपालिकामा सम्पर्क राख्र आउने समुहहरुलाई समेत समेटि प्राविधिक सहयोग पुर्याउनु पर्दछ ।

कुनै स्थान विशेषमा पहिले देखी रहिरहेका कृषक समुह हरु छन् भने तिनको पहिचान गरी पुर्नगठन गर्नु पर्दछ ।

सुरुमा प्राविधिकहरुबाट सहयोग र राय सल्लाहका साथ कृषक समुह गठन गर्दा अतिआवश्यक रजिस्टर कपि कलम फाईल,कागज जस्ता सामाग्री हरु उपलब्ध गराउनु प्रभावकारी हुन्छ ।

प्रत्येक आ.व.मा नयाँ समुह भए गठन र पुराना भए पुनर्गठन गरेर कृषि शाखाले समुह विवरण संकलन गर्नु पर्छ ।

गाउँपालिका, कृषि शाखामा कृषक समुह दर्ता गरी तिनिहरुको अभिलेख राख्ने कार्यलाई नियमित रुप दिनु पर्दछ । यसको लागी कृषक समुह हरूलाई आ आफ्नो समुह विवरण फारम सहित दर्ताको लागी आवेद गर्न उत्प्रेरित गर्नु प्रदछ ।

स्थानीय तहको कृषि शाखामा कृषक समुह दर्ता गरिने छ । यसकालागी कृषक समुहले समुह विवरण फाराम सहितको निवेदन फाराम (समुह विधान) सहित निवेदन सो सम्बन्धित सेवा क्षेत्रको कृषि प्राविधिकको को सिफारिसमा गाउँपालिकाको कृषि शाखामा पेश गर्नुपर्नेछ । यसकालागी सम्बन्धित कार्यालयले समुह दर्ताका लागी रु. ५००। राजश्व सुल्क लिई दर्ता गर्नुपर्ने छ । यसरी दर्ता गरियको समुहमको अवधि १ बर्षको हुने छ र प्रत्येक बर्ष समुह नविकरण गर्नुपर्ने छ ।

**१३.२ कृषक समुह नविकरण**

कृषक समुहले आफ्नो समुह दर्ता प्रमाण पत्रको नविकरण गर्नु पर्नेछ । यसकालागी कृषक समुहले प्राप्त गरेको प्रमाण पत्र सहितको निवेदन सम्बन्धित शाखामा म्याद सकिएको ३५ दिन भीत्र पेश गर्नु पर्ने छ र सोको लागी रु ५०० राजस्व शुल्क लिई कृषि शाखाले समुह नवीकरण गर्नु पर्नेछ । म्याद सकियको ३६ औ दिन देखी १ बर्ष सम्म रु ५००। राजस्व शुल्क लिई नविकरण गर्न सकिने छ । एक बर्ष सम्म पनि नविकरण नगरेको खण्डमा प्रति वर्ष रु ५०। को दरले नविकरण शुल्क थप हुदै जाने छ ।

**१३.३ कृषक समुह विधान**

कृषक समुह दर्ता गर्नु भन्दा पहिला समुहको विधान अनिवार्य वनाउनु पर्नेे छ । कृषक समुहले विधान तयार

| | |
|---|---|
| | गर्दा सम्बन्धित सेवा क्षेत्रका कृषि प्राविधिक संग सहयोग लिन सक्नेछ ।<br>कृषि शाखाले विधानको नमुना कृषक लाई उपलब्ध गर्न सक्नेछ । |

**४.कार्यक्रमको नाम :** भैसि/बाख्रा/भेडा पालन प्रवर्द्धन कार्यक्रम

**परिचयः** भैंसी, भेडा तथा बाख्राका उत्पादक क्षमता बढाई किसानको जीवनस्तर उकास्ने उद्देश्यले संघ, प्रदेश तथा स्थानीय सरकार, सहकारी तथा निजी क्षेत्रसँग सहकार्य गरेर सञ्चालन गरिने कार्यक्रम नै पशुधन प्रवर्द्धन कार्यक्रम हो।

यसमा मुख्यतया यस प्रकारका गतिविधिहरू समावेश हुन्छन्:

* उन्नत जातका भैंसी/भेडा/बाख्राको प्रवर्द्धन
* वैज्ञानिक तरिकाले प्रजनन
* वैज्ञानिक गोठ व्यवस्थापन तथा दाना–पोषण सुधार
* रोगनियन्त्रण तथा खोप कार्यक्रम
* चरन, गोठ सफाइ र स्वास्थ्य सेवा सुधार
* उत्पादन प्रशोधन र बजार प्रवर्द्धन
* किसान सीप विकास तालिम तथा सहकारी सुदृढीकरण

**कार्यक्रमका मुख्य उद्देश्यहरूः**

क) उत्पादन र उत्पादकता वृद्धि

* भैंसीको दुध उत्पादन, भेडा/बाख्राको मासु तथा बोक्रा उत्पादन बढाउने।
* उन्नत जात र सुधारिएको प्रजनन प्रविधिको प्रयोग,

ख) किसानको आय–आर्जन वृद्धि

* गाउँमा घरेलु तथा व्यावसायिक पशुपालनलाई स्थायी आम्दानीको स्रोत बनाउने।
* बजारमा पहुँच, मूल्य स्थिरता तथा उत्पादन लागत घटाउने।

ग) खाद्य तथा पोषण सुरक्षा

* दुध, मासु तथा पशुजन्य उत्पादनको उपलब्धता वृद्धि गरी पोषण स्तर सुधार।

*घ) रोग नियन्त्रण र पशु स्वास्थ्य सेवा सुदृढीकरण*

* नियमित खोप कार्यक्रम, रोग निगरानी र उपचार सेवा उपलब्ध गराउने।
* जैवक–सुरक्षाका मापदण्डहरू लागू।

ङ) रोजगारी सिर्जना

* युवा तथा महिलालाई पशुपालन व्यवसायमा प्रोत्साहन दिँदै ग्रामीण क्षेत्रमै रोजगारी सिर्जना।

च) वातावरणमैत्री तथा दिगो पशुपालन प्रवर्द्धन

* आधुनिक गोठ व्यवस्थापन, मल–मूत्र व्यवस्थापन र चरन व्यवस्थापन सुधार।
* जल–माटो संरक्षण अनुकूल दिगो पशुपालन प्रविधि विस्तार।

गोमा

गाउँपालिका अध्यक्ष

| क्र.सं | कार्यक्रम | क्रियाकलाप | न्युनतम मापदण्ड | कृषकको लागत साझेदारी |
|---|---|---|---|---|
| १. | भैसि प्रवर्द्वन कार्यक्रम | (क) गोठनिर्माण/सुधार तथा मलमुत्र व्यवस्थापन<br>(ख) चरन खर्क/आहार व्यवस्थापन<br>(ग)औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्यमा<br>(घ) पशु पहिचान तथा अभिलेखिकरण<br>(ङ) जैविक सुरक्षा सम्बन्धी कार्यहरु<br>(च) स्थानीय स्तरमा दूध उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामाग्री | कार्यक्रममा सहभागि हुनको लागि व्यक्तिगत फर्मको हकमा ३ वटा भन्दा बढि माउ भैंसि पालन गरेको र समूह\सहकारीको हकमा प्रति सदस्य १\१ वटा माउ भैंसि पालन गरेको हुनुपर्नेछ। | अनुदार कार्यक्रमको कुल बजेटको २० प्रतिशत लागत साझेदारी सम्बन्धित कृषक\लाभग्राहीले बेहोर्नु पर्नेछ |
| २. | भेडा प्रवर्द्वन कार्यक्रम | (क)भेडा/थुमा खरिद तथा ढुवानी तथा मलमुत्र व्यवस्थापन<br>(ख) गोठनिर्माण/सुधार<br>(ग) चरन खर्क/आहार व्यवस्थापन<br>(घ)औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्यमा<br>(ङ) पशु पहिचान तथा अभिलेखिकरण<br>(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरु<br>(छ) स्थानीय स्तरमा उन उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामाग्री | कार्यक्रममा सहभागि हुनको लागि व्यक्तिगत फर्मको हकमा १५ वटा भन्दा बढि माउ भेडा पालन गरेको र समूह\सहकारीको हकमा प्रति सदस्य ५\५ वटा माउ भेडा पालन गरेको हुनुपर्नेछ। | अनुदार कार्यक्रमको कुल बजेटको २० प्रतिशत लागत साझेदारी सम्बन्धित कृषक\लाभग्राहीले बेहोर्नु पर्नेछ |
| ३. | बाख्रा प्रवर्द्वन कार्यक्रम | (क)बाख्रा/बोका खरिद तथा ढुवानी तथा मलमुत्र व्यवस्थापन<br>(ख) गोठनिर्माण/सुधार<br>(ग) चरन खर्क/आहार व्यवस्थापन<br>(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्यमा<br>(ङ) पशु पहिचान तथा अभिलेखिकरण<br>(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरु<br>(छ) स्थानीय स्तरमा मासु, पश्मिना उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामाग्री | कार्यक्रममा सहभागि हुनको लागि व्यक्तिगत फर्मको हकमा २५ वटा भन्दा बढि माउ बाख्रा पालन गरेको र समूह\सहकारीको हकमा प्रति सदस्य ५\५ वटा माउ बाख्रा पालन गरेको हुनुपर्नेछ। | अनुदार कार्यक्रमको कुल बजेटको २० प्रतिशत लागत साझेदारी सम्बन्धित कृषक\लाभग्राहीले बेहोर्नु पर्नेछ |

**अनुसूची – ३**

**प्रस्ताव आव्हानको सूचनाको ढाँचा**

सान्नीत्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पशुपन्छी विकास शाखा, मेहलमुडी कालिकोट

प्रस्ताव आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः- ..............................

यस गाउँपालिकाको आ.व. ...................... को बार्षिक स्वीकृत कार्यक्रम .................................................................... अनुसार निम्न लिखित कार्यक्रमहरु **सान्नित्रिवेणी गाउँपालिका पशुपन्छी विकास सम्वन्धि कार्यक्रम सञ्चालन कार्यविधि-२०८२** बमोजिम लागत सहभागितामा कार्य गर्न ईच्छुक पशुपन्छी पालन संग सम्बन्धित व्यवसायिक फर्म, कृषक, कृषक समूह, कम्पनी, निजी उधमी, सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा प्रस्ताव पेश गर्नु हुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क्र. स. | कार्यक्रम | संख्या | बजेट रु. |
|---|---|---|---|
| | | | |
| | | | |

गोरख बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

## अनुसूची - ४

## निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू,
सान्नीत्रिवेणी गाउँपालिका, कालीकोट

बिषयः कार्ययोजना पेश सम्बन्धमा ।

महोदय,

सेवामा निवेदन गर्नाको कारण यो छ कि तहाँ गाउँपालिकाको मिति ................. गते प्रकाशित सूचना अनुसार मैले/हामी निवेदकले ..................................................... कार्यक्रम सहकार्यमा सञ्चालन गर्न ईच्छुक भई अनुसूची ३ मा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/गरेका छौं।

**निवेदकः**

नामः- ..................................................

ठेगानाः ..................................................

फर्मको नामः ..................................................

दस्तखतः ..................................................

मितिः ..................................................

सम्पर्क नं. : ..................................................

मोहन बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

## अनुसूची - ५

**व्यवसायिक कार्ययोजना पेश गर्दा संलग्न हुनु पर्ने कागजातहरु**

- नेपाली नागरिकताको प्रतिलिपि
- अनुसूची २ अनुसारको ढाँचामा निवेदन
- अनुसूची ६ अनुसारको बिस्तृत व्यवसायिक कार्ययोजना
- जग्गाको स्वामित्व देखिने कागजात (भाडामा भए ५ बर्षको सम्झौता पत्रको प्रतिलिपि)
- प्रचलित कानून अनुसार दर्ता वा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
- वडा कार्यालयमा व्यबसाय दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
- स्थायी लेखा नम्बर/भ्याटमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
- प्रस्तावकले कम्तिमा ५० प्रतिशत लागत सहभागिता गर्ने प्रतिवद्धता पत्र
- निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाईन तथा लागत अनुमान
- शैक्षिक योग्यता, तालिम, अनुभव तथा बैदेशिक रोजगारीबाट फर्केको प्रमाणित प्रतिलिपि
- औजार उपकरण खरिदको हकमा कोटेशन ।

**अनुसूची – ६**

**कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजना**

कार्यक्रमको नामः- ..............................................................................
उधमी/ समूह / सहकारीको नामः- ................................ सम्पर्क नम्बर .......................
ठेगानाः- ........................................ गाँउ/टोल ........................ वडा नं. ......

**व्यवसायको परिचयः-**

- उद्देश्यहरुः
- व्यवसायको अबस्थाः
- व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरुः
- तालिम सम्बन्धी विवरणः
- सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः

| क्र. स. | सञ्चालन गरिने क्रियाकलाप | माग गरिएको वस्तु तथा सामग्रिहरुको विवरण. | लागत साझेदारी. | जम्मा लागत | कै. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

- व्यवसायबाट उत्पादन हुने बस्तुः-
- उत्पादित वस्तुको परिमाणः-
- बजारयोग्य परिमाणः-
- व्यवसायको वातावरणीय उपयुक्तताः-
- उत्पादित बस्तुको बजार योजनाः-
- थप आधारहरु
  - उपलब्ध जग्गाको क्षेत्रफल
  - अपेक्षित प्रतिफल
  - व्यवसायको लागि श्रमको व्यवस्थापन

    (क) पारिवारिकः
    (ख) बाहिरबाटः
    (ग) दुवैतर्फबाटः

**दस्तखत गर्नेको**

नामः- ..............................................................................
संस्थाको छापः- ..............................................................................
पदः- ..............................................................................
दस्तखतः- ..............................................................................
मितिः- ..............................................................................

## अनुसूची - ७

**प्रस्ताव मूल्याङ्कनका आधारहरु**

- गाउँपालिका :-
- आवेदक महिला कृषि समुह, सहकारी तथा निजि उद्दमिको नामः-
- कार्यक्रम सञ्चालन स्थलको ठेगानाः-
- प्रस्तावित कार्यक्रमको नामः-
- मूल्याङ्कनका आधारहरु

| क्र स | विवरण | भार | प्राप्ताङ्क | कै. |
|---|---|---|---|---|
| १ | विपन्न अपाङ्ग दलित तथा जनजाती महिला कृषक समुह | १० | | |
| २ | महीला कृषक समुह/सहकारी | १० | | |
| ३ | कृषि सहकारीबाट सिफारिस लाभाम्वित महिला समुह | ७ | | |
| ४ | निजी फर्म | ३ | | |
| ५ | हाल सम्म कुनै पनी सरकारी निकायबाट सम्बन्धित अनुदान नलिएका समुह सहकारी वा फर्म | १० | | |
| ६ | कम्तिमा ६ महिना अघी दर्ता गरी सक्रिय रुपमा काम गरिरहेका | ५ | | |
| ७ | कार्यक्रमको कमाण्ड क्षेत्रमा लाभान्वित (समुह/सहकारी /फर्म) संख्या | ५ | | |
| ८ | कृषक समुहले एउटै कलस्टरमा काम गरेका | ५ | | |
| ९ | प्रस्तावित कार्यक्रमले समेट्ने क्षेत्रफल | १० | | |
| १० | प्रस्तावित कार्यले सृजना गर्ने रोजगारीको अवसर | ५ | | |
| ११ | प्रस्तावित वाली/वस्तुको भौगलिक एवं प्राविधिक उपयुक्तता | ५ | | |
| १२ | प्रस्तावको आवश्यक कागजातको प्रक्रिया पुरा भएको | ५ | | |
| १३ | सहभागिता लक्षित वर्गको नगद वा वस्तुगत योगदान गर्न सक्ने परिमाण र प्रतिवद्धता | ५ | | |
| १४ | प्रस्तावित कार्यकृषकहरुको माग एंव आवश्यकता अनुरुप रहे/नरहेको | ५ | | |
| १५ | कृषक समुह तथा सहकारीको हकमा पाना नं लिएको र निजि फर्मको हकमा पालिका वा वडामा व्यवसाय दर्ता गरेको | ५ | | |
| १६ | सान्नीत्रिवेणी गाउँपालीकाले छुट्टाएको बाली / वस्तु पकेट क्षेत्र अनुसार बाली वस्तु समाबेश भएको | ५ | | |
| | **जम्मा** | १०० | | |

## अनुसूची – ८

### सम्झौता पत्रको ढाँचा

सान्नीत्रिवेणी गाउँपालिका (यसपछि प्रथम पक्ष भनिने) र बिशिष्टताको आधारमा छनौट भएका कृषक, कृषक समूह वा सहकारी (यसपछि दोश्रो पक्ष) भनिने बिच तपसिलको शर्तहरु पालना गर्ने/गराउने गरी यो द्विपक्षिय सम्झौता गरिएको छ ।

तपसिल

- यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।
- पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय सञ्चालनका लागि कार्ययोजना अनुसार कुल रकम रु. .................... (अक्षेरुपी ........................................) मध्ये बढीमा .......... प्रतिशतले हुन आउने रु. ................. (अक्षेरुपी ........................................) रकम अनुदान स्वरुप उपलब्ध गराउने छ र बाँकी रकम दोश्रो पक्षले बेहोर्नु पर्नेछ ।
- कार्य प्रगति तथा प्राविधिक अनुगमन प्रतिवेदनको आधारमा कार्य सम्पन्न पश्चात अनुदान रकम एकमुष्ठ उपलब्ध गराईनेछ ।
- दोश्रो पक्षले प्रस्तावमा पेश गरेको बाहेक अन्य सामाग्री खरिद गर्न पाउने छैन ।
- दोश्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा अनुदान रकम र लागत साझेदारी सहितको विस्तृत विवरण झल्किने गरी सबैले देख्ने स्थानमा होडिङ्ग बोर्ड राख्नु पर्नेछ र खरिद गरेको सामाग्री प्रत्येकमा अनुदान रकम झल्कने गरी स्टिकर टाँस गर्नु पर्नेछ ।
- पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे/नगरेको अनुगमन गर्नेछ ।
- यस सम्झौतामा उल्लेखित काम गर्दा परी आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप र भबितब्यको पूर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ।
- सम्झौता भएको मितिले ७ दिन भित्र लागत ईष्टिमेट अनुसार कार्य शुरु गरी सक्नु पर्नेछ । यदि कार्य शुरु नभएमा सम्झौता स्वत रद्द हुनेछ ।
- दोश्रो पक्षले यहि मिति .................................. भित्र लागत ईष्टिमेट अनुसार कार्य सम्पन्न गरी सक्नु पर्नेछ ।
- दोश्रो पक्षले पहिलो पक्षबाट अनुदान रकम लिई सके पछि कम्तिमा पनि ३ बर्ष व्यवसाय गर्नु पर्नेछ यदि व्यवसाय सञ्चालन नगरेमा प्रचलित कानून बमोजिम हुनेछ ।
- यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानून बमोजिम लागू हुनेछ ।

उल्लेखित शर्तहरु पालना गर्न/गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गरी लियौ/दियौं

| | |
|---|---|
| दोश्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| दस्तखतः | दस्तखतः |
| नाम,थरः | नाम,थरः |
| ठेगानाः | पदः |
| पदः | |
| संस्थाको नाम र छापः | कार्यालयको छापः |

इति सम्बत् ........................... साल ....................... महिना ......................गते रोज ......... शुभम् ।

## अनुसूची – ९
## समुह दर्ताको लागी निवेदन तथा विवरण फारांम

श्री सान्नीत्रिवेणी गाउँपालिकाको कार्यालय,
पशुपन्छी विकास शाखा
कालिकोट ।

पशुपन्छी शाखाको सहयोगमा हामी आफै संगठित भई सान्नीत्रिवेणी गाउँपालिका वडा नं. .......... मा गठन भएको हाम्रो ......................................................समुह दर्ता गरी पाउन विधान सहित यो निवेदन गरेका छौँ ।

.....................................

समुह अगुवाको / अध्यक्षको दस्तखत

मिति :

- स्थलगत अनुगमनमा भेटिएका अन्य विवरणहरुः-
- स्थलगत अनुगमन टोलीको रायः

| नाम थर तथा पद | राय | दस्तखत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

## अनुसूची – १०

कृषक समुह दर्ता प्रमाण – पत्र नमुना

सान्नीत्रिवेणी  गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालिकोट ।
कणालि प्रदेश, नेपाल

दर्ता नं.

आ.व.

कृषक समुह दर्ता प्रमाण–पत्र

समुह पद्धतिलाई सु– व्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुर्याउने उद्देश्यले यस सान्नीत्रिवेणी गाउँपालिकाको   वडा नं. ..............मा मिति ............................... मा गठित श्री ........................................कृषक समुहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण –पत्र प्रदान गरिएको छ ।

मिति : ............................

........................                                        ...........................

शाखा प्रमुख अधिकृत                                        प्रमुख प्रशासकीय

मोहन बहादुर के.सी.

# अनुसूची-११

## लागत साझेदारी प्रतिबद्धता

यस सान्नित्रिवेणी गाउँपालिका पशुपन्छी विकास शाखाको मिति.....................मा प्रकाशित सूचना अनुसार सान्नित्रिवेणी गाउँपालिका वडा नं...........टोल.........स्थायी ठेगाना भएको श्री ....................लागत साझेदारीमा..................... कार्यक्रम सञ्चालनको लागि पेश गरेको व्यवसायिक योजना अनुसार कुल लागत रु ........को...............प्रतिशतले हुन आउने रकम रु.............. बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट बेहोर्ने गरि कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गरेको छु।

निवेदक

दाया बाया

दस्तखतः

नामः

ठेगानाः

मितिः

छापः

मोहन बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

## अनुसूची-१२

## लागत साझेदारी प्रतिबद्धता

यस सान्नित्रिवेणी गाउँपालिका पशुपन्छी विकास शाखाको मिति............................................मा प्रकाशित सूचना अनुसार सान्नित्रिवेणी गाउँपालिका वडा नं...........टोल.........स्थायी ठेगाना भएको श्री ..............................................................लागत साझेदारीमा............................................................. कार्यक्रम सञ्चालनको लागि पेश गरेको व्यवसायिक योजना संग मेल खाने कार्यक्रमका लागि बिगत ३ वर्ष भित्र संघिय सरकार वा प्रदेश सरकारको मातहातमा मन्त्रालय\निर्देशालय\पशु सेवा कार्यालयबाट अनुदान नलियको स्वघोषणा गर्दछु।अन्यथा फेला परेर कसुरदार ठहरिएमा सम्झौता रद्द लगायत अन्य कानूनी सजाय भोग्न तयार छु।

निवेदक

दाया बाया

दस्तखतः

नामः

ठेगानाः

मितिः

छापः